

के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ५ गते मंगलबार ❑ 20 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## समाजवाद स्थापना गर्ने लक्ष्यसहित समाजवादी मोर्चा घोषणा

**रासस**
काठमाडौं, ४ असार




संविधान प्रदत्त समाजवाद स्थापना गर्ने लक्ष्यका साथ विभिन्न चार राजनीतिक दलले आज समाजवादी मोर्चा नेपालको घोषणा गरेका छन् । राष्ट्रियसभा गृहमा एक कार्यक्रमको आयोजना गरी नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका शीर्ष नेताले अवधारणापत्रमा हस्ताक्षर गर्दै मोर्चा घोषणा गरिएको हो ।

अवधारणापत्रमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव नत्रविक्रम चन्दले हस्ताक्षर गर्नुभएको छ ।

नेपाली मौलिकतासहितको समाजवाद स्थापना गर्ने र नेपालको संविधानको रक्षा, कार्यान्वयन र विकास गर्ने, विभेदरहित समाज स्थापना गर्ने लक्ष्यसहित मोर्चा गठन गरिएको जसपाका नेता राजेन्द्र श्रेष्ठले जानकारी दिनुभयो ।

संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको बाटो तय गर्ने, वर्गीय तथा क्षेत्रीय विभेदको अन्त्य गर्ने, मानव विकास सूचकाङ्कमा पछाडि परेका मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई प्रमुख प्राथमिकता राख्ने, जनताको नागरिक तथा आर्थिक अधिकारको संरक्षण, वित्तीय एकाधिकार तथा दलाल पूँजीवादी अर्थव्यवस्थाको विकल्पमा समाजवादी अर्थतन्त्रको आधार तयार पार्ने मोर्चाको उद्देश्य रहेको छ । यस्तै, आन्तरिक र बाह्य लगानीमैत्री वातावरण निर्माण गरी देशलाई औद्योगिकीकरण गर्ने, वैदेशिक रोजगारीबाट पूँजी र प्रविधिसहित फर्केका नेपालीलाई देशभित्र रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहित गर्ने र उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने र गरिबी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रहरूमा लगानी बढाउन तीनवटै तहको सरकारहरूलाई क्रियाशील बनाउने मोर्चाको उद्देश्य रहेको छ । त्यस्तै, मोर्चाले वैज्ञानिक भूउपयोग नीति लागू गर्दै कृषि क्रान्तिको माध्यमबाट कृषिको औद्योगिकीकरण,व्यवसायिकीकरणर आधुनिकीकरण गरी कृषिमा निर्भर श्रमजीवी जनताको जीवनस्तर सुधार, समृद्ध र समुन्नत बनाउने, ऊर्जा, जलस्रोत, वन, उद्योग, वाणिज्य, पर्यटन, सूचना (प्रविधि, भौतिक पूर्वाधार, यातायातलगायत क्षेत्रलाई आर्थिक समृद्धिको संवाहकका रूपमा विकास गर्ने योजना तय गरेको छ ।

शिक्षा, स्वास्थ्यजस्ता सामाजिक क्षेत्रहरूको रूपान्तरणका लागि राज्यले प्राथमिकता दिने उद्देश्य राखेको मोर्चाले सबैका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, रोजगार, सामाजिक सुरक्षा र आवासमा पहुँचको प्रत्याभूति गराउने एवं शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रभावकारी बनाउँदै प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने भएको छ । जलवायु परिवर्तन, वातावरणीय प्रदूषण र प्राकृतिक विपत्का कारण उत्पन्न नकारात्मक असरलाई नियन्त्रण गर्ने, जैविक विविधता र पर्यावरणको संरक्षण गर्ने मोर्चाको योजना छ ।

त्यस्तै, गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासन चुस्त दुरुस्त बनाउने, अनुगमन र मूल्याङ्कनको परिपाटी स्थापित गर्ने, योजना तर्जुमा गर्ने, शासकीय सुधार गर्ने तथा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## यस वर्षको रोपाई महोत्सव काहुँखोला कसेरीमा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार




यस बर्ष हुने असारे रोपाई महोत्सव पोखरा १३ स्थित काहुँखोला कसेरीमा हुने भएको छ । पोखरा पर्यटन परिषदको आयोजनामा राष्ट्रिय धान दिवसको अवसर (असार १५ गते) १८ औं संस्करणको उक्त महोत्सव हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

बेमौसममा पनि पोखरामा पर्यटकलाई आकषर्ण गर्न सकिन्छ भन्ने मान्यताका साथ उक्त महोत्सवलाई निरन्तरता दिदै आएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताए । पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको प्रबर्द्धनमा हुने उक्त महोत्सवमा विदेशी पर्यटकहरु सहभागि हुने क्रम जारी रहेको महोत्सव संयोजक कृष्ण भण्डारीले बताए । कोभिड १९ बाट प्रभावित भएको पर्यटन क्षेत्रलाई यस्ता मेला र महोत्सवले पर्यटक आगमनमा सहज हुने उनले बताए । नेपाली परम्परागत रुपमा चल्दै आएको चलन, रितीरिवाज, कला संस्कृति विदेशी पर्यटकहरुलाई प्रर्दशन गर्दै पन्चे बाजाको साथमा लोकगित समेत प्रस्तुतः गरिने भएको परिषदले जनाएको छ । उक्त महोत्सवमा करिब १५ देशका पर्यटकहरु सहभागि हुने भएका छन् । पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न र रोपाई महोत्सवमा चाइना, भारत, अमेरीका लगायतका करिब १५ देशका पर्यटकहरु सहभागी हुने भएको परिषदले जनाएको छ ।

पोखरा महानगरपालिका वडा नम्बर १३ र पोखरा महानगरपालिका वडा नम्बर १३ र १८ को कृषि संजालको समन्वयमा हुने उक्त महोत्सवमा असारे रोपाई गीत प्रतियोगिता, स्वदेशी तथा विदेशीहरुको हिले दौड प्रतियोगिता त्यसै गरी रस्साकसी, माछा छोप्ने लगायतका विभिन्न कार्यक्रमहरु हुने भएको अध्यक्ष श्रेष्ठले जनाए ।

पोखरा १३ का वडा अध्यक्ष किरण बरालले पोखरामा खेतीयोग्य जमिन प्लटिङ र घर तथा भवनहरु बन्दै गएको अबस्थामा यस महोत्सवले धानखेतीलाइ बचाउन मद्धत पुग्ने विश्वास व्यक्त गरे । उक्त महोत्सवले पर्यटन प्रबर्द्धन गर्न मद्धत पुग्ने दाबी गर्दै अध्यक्ष बरालले स्थानिय कृषि उत्पादनका केही स्टलहरु प्रर्दशनीको रुपमा राख्ने बिषयमा गृहकार्य भएको बताए । उक्त महोत्सव सम्पन्न गर्न करिब ३० लाख खर्च हुने भएको संयोजक भण्डारीले बताए ।

## पोखरामा फाइभजी सेवा विस्तार गर्दैं टेलिकम

**पोखरापत्र संवाददाता**
पोखरा, ४ जेठ

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले नेपाल टेलिकमले गुणस्तर र सेवामा आफूलाई अब्बल प्रमाणित गर्नुपर्ने बताएका छन् ।

'सरकारी सेवा गुणस्तरी हुँदैन भन्ने भ्रम चिर्नुपर्ने यहाँहरुको दायित्व हो, 'उनले भने,'राज्यप्रतिको दायित्व टेलिकमले भुल्नुहुँदैन, अन्य कम्पनीसँगको प्रतिस्पर्धामा खरो उत्रनुपर्छ । अध्यक्ष प्रजापति नेपाल टेलिकमले प्रदान गर्ने सेवाबारे जानकारी दिन प्रादेशिक कार्यालय पोखराको आयोजना तथा पोखरा उद्योग वाणिज्य संघको सहकार्यमा सोमबार पोखरामा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै थिए ।

सोही कार्यक्रममा बोल्दै नेपाल टेलिकम प्रादेशिक कार्यालय पोखराका निर्देशक इन्दल यादवले टेलिकमले आम्दानीभन्दा पनि संचारमार्फत् देशलाई जोड्ने काम गरिरहेको जिकिर गरेका छन् । उनले नेपाल टेलिकमले सेवाको गुणस्तर वृद्धिलाई पहिलो प्राथमिकतामा राखेको बताउँदै पछिल्लो समयमा जनतालाई सजिलो हुने गरी विभिन्न खाले सुविधाहरु थपिएको पनि बताए । उनले भने, 'पोखरामा टेलिकमले फाइभजी सेवाको परीक्षण गरिरहेको छ, काठमाडौंपछि सेवा विस्तारको लागि पोखरालाई प्राथमिकतामा राखिएको छ ।' अहिले पोखराको महेन्द्रपुल क्षेत्रमा फाइभजी सेवा परीक्षणमा रहेको उनले जानकारी दिए । टेलिकमले गुणस्तरीय सेवाका सम्पादन गरेका विभिन्न गतिविधिबारे जानकारी दिँदै उनले सोचेजस्तो गतिमा काम नभएको स्वीकारे । 'काम गर्न अप्ठेरो छ, हाम्रोमा निर्णय प्रक्रिया नै ढिला छ,अर्कोतर्फ गुणस्तर सुधारको काम गर्दै जाँदा आइपर्ने सानो अवरोधले पनि हामी पीडित छौं,' उनले भने, ' कतै फाइबर बिच्छ्याउने काम गऱ्यो, समन्वय हुँदैन, एउटा पोल गाड्न खोज्यो,अवरोध हुन्छ, पृथ्वी राजमार्ग स्तरोन्नति भइरहेको छ, दिनदिनै तार चुँडिन्छ,सेवाग्राहीले हामीलाई कराउँछन् तर अन्य निकायले त्यो कुरा बुझ्दैनन् । निर्देशक यादवले गण्डकीका २५ लाख १ हजार ८४२ जनाले टेलिकमको सेवा लिएको जानकारी दिए । गण्डकीमा पोष्टपेड मोवाइल चलाउने ७० हजार र प्रिपेड मोवाइल चलाउने २३ लाख ९२ हजार ५०४ जना रहेको पनि उनले बताए । नेपाल टेलिकम क्षेत्रीय कार्यालय पोखराका व्यापार प्रमुख महेन्द्र रिमालले नेपाल टेलिकमको सहरदेखि गाउँसम्म पुगेको जिकिर मात्रै गरेनन्,सस्तो र भरपर्दो भएको पनि बताए । पछिल्लो समय नेपाल टेलिकमले प्रदान गरेको फाइबर टु होम - एफआइटीएच) बाट इन्टरनेट, टेलिभिजन र फोन सुविधा,अन्तर ष्ट्रिय रोमिङ,कर्पोरेट युजर ग्रुप (सीयूजी)नमस्ते वाइफाइ,डेडिकेटेट लिज सर्भिस,नोटिस बोर्ड,टोल फ्रि नम्बरजस्ता सेवाबारे उनले विस्तृतमा व्याख्या पनि गरे । टेलिकमले प्रदान गर्ने प्याकेजहरुले गुणस्तरमा सम्झौता नगर्ने उनको भनाइ थियो । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले नेपाल टेलिकमलाई सामाजिक उत्तरदायित्व र राष्ट्रप्रतिको जिम्मेवारी नभुल्न आग्रह गरे ।




# आईटिएफ तेन्वान्दो प्रतियोगितामा प्रदेशमा स्याङ्जा र जिल्लामा सैनिक दोजाङ च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पोखरा रंगशालामा सम्पन्न भएको तेस्रो प्रदेश स्तरिय तथा पहिलो कास्की जिल्ला स्तरिय आईटिएफ तेक्वान्दो प्रतियोगितामा स्याङजा र सैनिक आईटिएफ दोजाङ च्याम्पियन बनेको छ।



प्रदेश स्तरिय प्रतिस्पर्धामा स्याङजाले १० स्वर्ण,४ रजत र ४ काश्य गरि १८ पदकसहित च्याम्पियन बनेको हो । त्यसैगरि १३ पदक सहित बागलुङ दोस्रो बनेको छ। बागलुङले ६ स्वर्ण,३ रजत र ४ काश्य प्राप्त गरेको छ। त्यसैगरि १९ पदक सहित नवलपुर तेस्रो बनेको छ । नवलपुरले ५ स्वर्ण,८ रजत र ६ काश्य हात पारेको हो। त्यसैगरि प्रदेश उत्कृष्ठ पुरुष खेलाडीमा स्याङजाका मनिष रेश्मीमगर घोषित भएका छन् । उनले स्पाईरिङ र प्याट्रन दुबै प्रतिस्पर्धामा स्वर्ण हात पारि उत्कृष्ट घोषित भएका हुन् । महिला तर्फ तनहुँका मोनिका कुवँर उत्कृष्ट खेलाडी घोषित भएका छन् । उनले एक स्वर्ण र एक कास्य गरि उत्कृष्ट महिला खेलाडी घोषित भएका हुन् ।

त्यसै गरि पहिलो कास्की जिल्ला स्तरिय प्रतियोगिता तर्फ सैनिक आईटिएफ तेक्वान्दो दोजाङ च्यापम्पियन बनेको छ । सैनिक आईटिएफले ११ स्वर्ण, ५ रजत र ४ काश्य प्राप्त गरि टिम च्याम्पियन बनेको हो । त्यसैगरि १० स्वर्ण, ७ रजत र ५ काश्य सहित अञ्जुली आईटिएफ दोजाङ दोस्रो बनेको छ । त्यसैगरि जिल्ला प्रतियोगितामा सैनिक आईटिएफ तेक्वान्दो दोजाङका जेनिशा गुरुङ उत्कृष्ठ खेलाडी घोषित भएका छन् । पुरुष उत्कृट खेलाडीमा बाराही आईटिएफ दोजाङका सन्देश खत्री घोषित भए। प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश आईटिएफ तेक्वान्दो संघको सहआयोजनामा उक्त प्रतियोगिता शनिबार र आईतबार गरि दुई दिन सञ्चालन गरिएको थियो । प्रतियोगितामा ७ जिल्ला कास्की, बागलुङ, पर्वत, म्याग्दी, नवलपुर, स्याङ्जा र तनहुँका महिला तथा पुरुष खेलाडी करिब ३ सय भन्दावढी खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा २८ स्वर्ण, २८ रजत र ३२ काश्यपदकका लागि प्रतिस्पर्धा भएको नेपाल आईटिएफ तेक्वान्दो संघ गण्डकीका अध्यक्ष घम बहादुर थापाले बताए। गण्डकी उपाध्यक्ष तथा रेफ्रि अफिसियल संयोजक आकाशचन्द्र घर्तीमगरका अनुसार प्रतियोगितामा एकल काता स्पाइरिङ, तथा एकल प्याट्रनमा प्रतिस्पर्धा भएको थियो भने स्पाइरिङतर्फ ४५ देखि ८५ केजी तौल सम्म तथा महिलातर्फ ४० देखि ७० केजी सम्म प्रतिस्पर्धा भएको थियो । त्यसै गरी एकल प्यार्टनतर्फ ग्रिन बेल्ट देखि ब्ल्याक बेल्ट तेस्रो डान सम्मका खेलाडीहरु प्रतिस्पर्धामा उत्रिएका थिए । प्रतियोगिताको उद्घघाटन शनिबार संघिय सरकारका यूवा तथा खेलकुद मन्त्री दिग बहादुर लिम्वुले गरेका थिए।

नेपालमा खेलकुदको बिकास,विस्तार, संरक्षण गर्नुका साथै प्रतिभावान खेलाडीहरुको पहिचान तथा प्रोत्साहन गर्ने ,खेलाडीहरुमा स्तरियताको थप अभिबृद्वी गर्नेका लागि यी र यस्ता प्रतियोगिताहरुले महत्वपुर्ण भुमिका खेल्ने अध्यक्ष थापाले विश्वास व्यक्त गरे।

# गण्डकीमा ३०० किमी सडक कालोपत्रे हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

गण्डकी प्रदेशमा आगामी आर्थिक वर्षमा थप तीन सय किलोमिटर सडक कालोपत्रे हुने भएको छ।

गण्डकी प्रदेश सरकारको आव २०८०/८१ को बजेटमा प्रदेश गौरवका सडक आयोजना, एक निर्वाचन क्षेत्र-एक कृषि सडक, रणनीतिक महत्वका सडक, स्थानीय तहको प्रशासनिक केन्द्र जोड्ने सडकको निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइएको छ। सडक पूर्वाधार निर्माणका लागि रु ११ अर्ब १६ करोड विनियोजन गरिएको अर्थमन्त्री जीतप्रकाश आलेले बताउनुभयो । सडक कालोपत्रेसँगै २५ वटा सडक पुल र २० वटा झोलुङ्गे पुल सम्पन्न गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो । नदी प्रणालीमा आधारित एकीकृत विकासको अभ्यासलाई नेपाल सरकारसमेतको लगानीमा अगाडि बढाइने सरकारले जनाएको छ । बूढीगण्डकी करिडोर, मर्स्याङ्दी करिडोर र शालिग्राम करिडोरको विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा लगिने र यसका लागि बजेट विनियोजन गरिएको मन्त्री आलेले बताउनुभयो।

प्रदेशको प्राथमिकतामा रहेका उत्तर-दक्षित द्रुतमार्गअन्तर्गतको भिमाद-डेढगाउँ-झ्यालबास-चोरमारा-दुम्कस्वास-त्रिवेणीखण्ड आयोजनालाई विशेष प्राथमिकता दिई बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । प्रदेश गौरवको आयोजनाको रुपमा रहेको शालिग्राम करिडोरको बाँकी खण्डको स्तरोन्नति र रणनीतिक महत्वको सडक बुद्धसिंह मार्ग निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाउने सरकारको योजना छ । त्यसको कार्यान्वयनका लागि रु १९ करोड ५० लाख बजेट विनियोजन गरिएको छ। यसबाट राष्ट्रिय राजमार्गसँग वैकल्पिक राजमार्गको आबद्धता विस्तार भई सडक पूर्वाधारको उपयोगमा जनताको पहुँच अभिवृद्धि हुने सरकारले विश्वास लिएको छ।

# समाजवाद...

देशमा देखापरेको अनियमितता, प्रशासनिक ढिलासुस्ती, भ्रष्टाचार, कमिसनतन्त्रजस्ता अपराध र विकृतिलाई नियन्त्रण गरी जनतालाई सदाचार र सुशासनको प्रत्याभूति गराउने भएको छ। संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीयतहका सरकारहरू बीचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने, देशको राजस्व तथा स्रोत साधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवासुविधाहरू जनतामा पुऱ्याउन प्रदेश तथा स्थानीय तहलाई सक्षम बनाउँदै संघीय समाजवादी प्रणालीलाई समृद्ध गर्ने भएको छ। देशको स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षा गर्न एवं जनताको समृद्धिका लागि संयुक्त राष्ट्रसङ्घको बडापत्र र पञ्चशीलको सिद्धान्तलाई आधार मानी स्वतन्त्र, असंलग्न र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नेछ । विगतका विभिन्न कालखण्डमा भएका आन्दोलनहरूका कारण विभिन्न दलका नेता र कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरूको खारेजी र राजबन्दी रिहाइका लागि आवश्यक कानुनी र राजनीतिक पहल गर्ने र विभिन्न राजनीतिक दलहरूसँग भएका सहमति र सम्झौताहरू कार्यान्वयन गर्ने भएको छ। समाजको विविधतायुक्त चरित्रअनुरूप राष्ट्रिय, लोकतान्त्रिक र वैज्ञानिक संस्कृति प्रवर्द्धन गर्ने, जाति, भाषा, धर्म तथा संस्कृतिको क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरूको अन्त्य गरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने, प्रगतिशील कला, साहित्य र संस्कृतिको विकासलाई प्रोत्साहित गर्नेछन् । त्यसैगरी, समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय सबै प्रकारका शोषण, उत्पीडन र विभेदहरूको अन्त्य गरी समता, स्वतन्त्रता एवं न्यायमा आधारित सामाजिक व्यवस्था निर्माण गर्ने तथा श्रम संस्कृतिलाई प्रोत्साहित गर्ने एवं श्रमजीवी जनताको पहलकदमीमा आर्थिक समृद्धिको माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने लक्ष्य राखेको छ।

# अन्तर विद्यालय क्रिकेटमा छात्रतर्फ त्रिभुवन र छात्रातर्फ बाराहीलाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पोखरा क्रिकेट एकेडेमिको आयोजना तथा युकेको मेरलिबोन क्रिकेट फाउण्डेशन र किडासाको सहयोगमा पोखरामा ब्रेकिङ बाउण्ड्रिज कास्की जिल्ला स्तरिय अन्तर सामुदायिक विद्यालय स्तरिय टी-२० क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा छात्रतर्फ त्रिभुवन मावि तथा छात्रातर्फ बाराही मावि विजयी भए।




पोखरा रंगशालामा छात्रतर्फ सोमबार भएको फाइलन खेलमा त्रिभुवनले जनप्रिय माविलाई ८ विकेटले पराजित गर्दै उपाधी जितेको हो । पहिला व्याटिङ गरेको जनप्रियले १०.३ ओभरमा सम्पूर्ण विकेट गुमाएर ३२ रन मात्रै बनाउन सक्यो । जनप्रियका प्रतिक सर्माले ८ रन बनाए । त्रिभुवनका बलर करण यादवले ३ र संगम सुवेदीले २ विकेट लिए। जितका लागि ३३ रनको लक्ष्य पछ्याएको त्रिभुवनले ३ ओभर २ विकेट गुमाएर जित हाँसिल गऱ्यो। त्रिभुवनका करण यादवले २५ रन हाने। छात्रातर्फ बाराहीले सिद्ध माविलाई २ विकेटले पराजित गर्दै प्रथम स्थान प्राप्त गऱ्यो । पहिला व्याटिङ गरेको सिद्धले १५ ओभरमा ४ विकेट गुमाएर ७९ रन बनायो । सिद्धका रचना चौधरीले २० तथा सानिया तामाङ्गले १५ रन जोडे।

जितका लागि ८० रनको लक्ष्य सहित मैदान उत्रिएको बाराहीले ११.३ ओभरमा ८ विकेटको क्षतिमा जित हाँसिल गऱ्यो। बाराहीका कमला बुढाले १३, सफलता भुजेलले ५ रन बनाए । प्रतियोगितामा छात्रतर्फ त्रिभुवन माविका करण यादव वेष्ट व्याट्स्म्यान, जनप्रियका समिर भट्टराई बेष्ट वलर भए । छात्रातर्फ सिद्धका रचना चौधरी वेष्ट व्याटर तथा सिद्धकै सुसिला तामाङ्ग बेष्ट बलर भइन्।

विजेता तथा उपविजेता टोलीले ट्रफि, मेडल सहित प्रमाण पत्र पुरस्कार प्राप्त गरे । नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य ऋषिराम गौतम, प्रदेश क्रिकेट संघ गण्डकीका अध्यक्ष देवेन्द्र प्रजु, कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देल, सहयोगी एमसिसी प्रतिनिधी सचिन शाक्य, आयोजक पोखरा क्रिकेट एकेडेमीका अध्यक्ष बोबिन कुँवर लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरेका थिए।


**Embassy of India**
**Kathmandu (Nepal)**

सत्यमेव जयते

## Vacancy Announcement

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following posts for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Gyneacologist | ECHS Polyclinic Pokhara |
| 2. | Medical Officer | |
| 3. | Dental Officer | |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 30 Jun 2023.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-430232,061-431477**




## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

**लक्षणहरु :**
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# फेवाताल जोगाउन आदेश

सर्वोच्च अदालतले फेवातालसहित पोखराका तालहरूको मापदण्ड घटाउने पोखरा महानगरपालिकाको निर्णय खारेज गरिदिएको छ । सर्वोच्चका न्यायाधीशद्वय कुमार रेग्मी र हरिप्रसाद फुयाँलको संयुक्त इजलासले फेवातालसहित पोखराको नौवटा तालहरूको मापदण्ड घटाउने निर्णय बदर गरेको छ । स्थानीय सरकारलाई अब पोखराका तालहरू जोगाउन बाध्य बनाएको छ । पोखरा महानगरको २०७८ चैत १६ गते बसेको ५५ औं कार्यपालिका बैठकले तालहरूको मापदण्ड घटाउने निर्णय गरेको थियो । तत्कालीन मेयर मानबहादुर जिसी नेतृत्वको कार्यपालिकाले फेवातालको मापदण्ड ६५ मिटरबाट घटाएर ३० मिटर कायम गरेको थियो । जुन सर्वोच्च अदालतले गरेको आदेशको विपरीत थियो ।

यस्तै, रूपा र बेगनास तालको मापदण्ड ५५/५५ मिटर, खास्टे, दिपाङ, मैदी, न्युरेनी, गुँदे र कमलपोखरीको मापदण्ड २०/२० मिटर कायम गर्ने निर्णय कार्यपालिकाले गरेको थियो । फेवातालको जस्तै अन्य तालको मापदण्ड तोक्दा पनि कार्यपालिकाले मापदण्ड घटाएको थियो । फेवातालको मापदण्ड २०३० मंसिर १५ गते तत्काल पोखरा नगर योजना सरकारले स्वीकृत गरेर लागू गरेको थियो । उक्त मापदण्डमा फेवातालको किनारादेखि दुई सय फिटसम्म कुनै संरचना निर्माण गर्न नपाउने उल्लेख छ । त्यसपछि जिल्ला विकास समिति कास्कीले जिल्ला परिषदमार्फत निर्णय गर्दै फेवातालको मापदण्ड ६५ मिटर कायम गर्ने निर्णय गरेको थियो । मापदण्ड घटाउने निर्णयविरुद्ध अधिवक्ता खगेन्द्र सुवेदी, सरोजनाथ प्याकुरेल, कृष्णहरि खड्का र दीपेन्द्रप्रसाद घिमिरेले २०७९ जेठ ११ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उक्त रिटको सुनुवाई गर्दै सर्वोच्चले माग दाबी आदेश दिएको छाफैसलाको पुर्ण पाठ आउन बाँकी रहेको हुँदा अहिले आफू अनुकूल व्याख्या गरिन्छ । फेवातालसहित पोखराका तालहरूको मापदण्ड घटाउने निर्णय बदरसँगै सर्वोच्च अदालतले अर्को पनि महत्वपूर्ण आदेश दिएको छ ।

फेवातालसहित पोखराका तालतलैयाका जलाधार क्षेत्र संरक्षण गर्न र उक्त क्षेत्रमा बनेका भौतिक संरचना भत्काउन पनि आदेश आएको रिट निवेदकको दाबी छ । फेवातालको जलाधार क्षेत्रमा कुनै कम्पनी, व्यवसाय वा संरचना नबनाउनु, बनाउन अनुमति दिएको भए बदर गर्नु र कुनै पनि व्यवसाय सञ्चालन गर्न नदिनु भन्ने आदेश दिएको छायो आदेश जलाधार क्षेत्र संरक्षणको लागि दबाब पनि हो । फेवातालको सिमसार क्षेत्र अतिक्रमण बढेको भन्दै अधिवक्ता सुवेदीको समूहले दिएको अर्को रिटको सुनुवाई गर्दै उक्त आदेश आएको छ । फेवातालको मापदण्ड मिचेर सञ्चालित होटल, रेस्टुरेन्ट लगायत व्यावसायिक संरचना बनाउन घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सरकारी निकायलाई विपक्षी बनाएर दायर गरिएको रिटको सुनुवाई गर्दै उक्त आदेश आएको सुवेदीको दाबी छ ।

फेवातालको मापदण्ड घटाउने महानगर कार्यपालिका निर्णयविरूद्ध र मापदण्डभित्र व्यवसाय सञ्चालन गर्न अनुमति दिने निकायविरूद्ध परेको रिटको संयुक्त सुनुवाई भएर आदेश आएको अधिवक्ता सुवेदीको भनाइले मिलिजुली खाने प्रवृत्ति रोक्छ । फेवातालको मापदण्ड सम्बन्धी रिटमा उनीहरूले संविधानका मौलिक हकअन्तर्गत स्वच्छ वातावरणको हक, धार्मिक स्थल संरक्षणको हक, संविधान र कानुन विपरीत फेवातालमाथि गम्भीर र अपूरणीय क्षति पुऱ्याएको भन्दै मौलिक हक संरक्षण गर्न उनीहरूले रिट निवेदनमार्फत सर्वोच्च अदालतमा माग राखेका थिए ।

रिट निवेदनमा फेवाताल संरक्षणका पक्षमा २०७५ वैशाख १६ गते अदालतले जारी गरेको परमादेश समेत उल्लेख छ । उक्त परमादेशमा तत्कालीन लामिछाने आयोगको प्रतिवेदनका आधारित चार किल्लाभित्र तालको किनारबाट ६५ मिटरसम्मको भूभागमा भवन लगायत ताल संरक्षणमा असर पर्ने भौतिक संरचना निर्माण गर्न नपाउने उल्लेख छ । उक्त आदेशमा ६ महिनाभित्र फेवातालको मापदण्डभित्र बनेका अनधिकृत ११ सयभन्दा बढी संरचना भत्काउन आदेश आएको थियो। यस्तै, फेवातालको जग्गा अवैध रूपमा दर्ता गरेर व्यक्तिको नाममा पुगेका झन्डै १ हजार ६ सय रोपनीभन्दा बढी जग्गा दर्ता खारेज गरी तालकै नाममा ल्याउन पनि अदालतले आदेश दिएको थियो। ६ महिनाभित्र गर्नु भनेर आएको उक्त आदेश पाँच वर्ष बितिसक्दा पनि कार्यान्वयन भएको छैन । यस्ते फेवाताल संरक्षण गुरूयोजना बनाएर कार्यान्वयन गर्न तीनै तहका सरकारलाई कार्यविभाजनसहित आदेश आए पनि अहिलेसम्म कुनै पनि तहका सरकारले सिन्को भाँचेका छैनन् । फेवाताल संरक्षणका पक्षमा सर्वोच्च अदालतले जारी गरेको परमादेश कार्यान्वयन नगरेको भन्दै प्रधानमन्त्री, गण्डकी प्रदेशका मुख्यमन्त्री र पोखरा महानगरका मेयरविरूद्ध अपहेलना मुद्दा सर्वोच्चमा विचाराधीन छ ।

# देशमा सही नेतृत्व दिने नेताको अभाव



शिव प्रसाद गौतम

घर परिवार, सङ्घ संस्था, सरकारी कार्यालय, सरकार सबै सुचारु रूपले सञ्चालन गरेर चाहे अनुसारको उद्देश्य पूरा गर्न असल नेतृत्वको आवश्यकता पर्दछ । घरको मूलीलाई मियो भनिन्छ । धानको परालको दाइ गर्न खलाका बीचमा बलियो गरी मोडिने लामो खम्बा घर वा परिवारको मूली, सङ्घ संस्थाको प्रमुख व्यक्तिलाई मियो भनिन्छ। मियो दरो भएन भने सबै काम बिग्रिन्छन् ।

परालको दाईं हाल्दा खलाको बीचमा दह्रो गरेर कटुस, चिलाउने नभए बास आदिको मियो गाडिन्छ । यही मियोमा दाइ हाल्न गोरु बाँधिन्छ । गोरु धपाएर दाइ हालिन्छ भननाले धान चुटेर रहेका परालमा बाँकी धान गोरुलाई कुल्च्याएर झारिन्छ भने परालालाई माडेर भारी बाध्न मिल्ने बनाएर परालका भारत बाँधिन्छ । मियो दरा भएन भने गोरुले गलत बाटो लिन्छन् र दाइ गर्ने कार्य असफल हुन्छ । मियोको अर्थ धेरै छन् । यसलाई मूली मुख्य प्रधान प्रमुख, घरको मुख्य मान्छे माउ थकाली पनि भनिन्छ । यहाँ थकाली भन्नाले मुस्ताङ जिल्लाको थाक भन्ने ठाउँमा बस्ने पुरुष व्यक्ति, घर, कुल वा गुठीको सबभन्दा बूढो मुख्य व्यक्ति,मुली, नाइकेलाई थकाली भन्ने चलन छ ।

विशेष क्षमता भएका व्यक्तिहिरुले यस्ता पद्वी पाउँछन् । नेतृत्व लिन क्षमतावान् हुनै पर्छ । कुनै दल वा जन समुदायको सामुहिक कल्याण गर्न गरिने मार्ग प्रदर्शन, नेताको काम वा पद, अगुवाले गर्ने कार्य, कुनै नयाँ कुराको खोजमा वा नौलो सिद्धान्तको प्रतिपादनमा सबै भन्दा पहिले सफल हुने कार्य नेतृत्व हो । कुनै राजनीतिक दल वा जनसमुदायलाई असल बाटो देखाउने व्यक्ति, कुनै समाजमा नेतृत्व दिन सक्ने व्यक्ति, अगुवा नाइके, बाटो देखाउने, नायक मालिक, कुनै दल वा समुदायलाई असल बाटो देखाउने, नेतृत्व गर्ने राजनीतिक दलको व्यक्ति नेता हो । नेता हुनलाई राजनीतिक चरित्र हुनु अनिवार्य छ । जानी नजानी नेताको धाक जमाउने काम, आफ्नो सामर्थ्य बिना पनि बडप्पन देखाउने प्रक्रिया नेता गिरी हो । अहिले नेपालमा यस्तैको बोलवाला छ । त्यसैले देश रोइरहेको छ ।

नेपालमा धेरै राजनीतिक दलका नेता र कार्यकर्ताहरू थिए र छन् । नेपाली काँग्रेसमा विश्वेश्वरप्रसाद कोइराला थिए । उनमा नेतृत्व गर्ने क्षमता थियो । उनले नेपाली काँग्रेसको समाजवादको सिद्धान्त प्रतिपादन गरे । अहिले नेपाली काँग्रेस विपिले देखाएको बटोमा हिँडेको छ । नेकामा गणेशमान सिंह श्रेष्ठ, कृष्ण प्रसाद भट्टराई जस्ता नेता पनि भए । नाम पनि सुशील कामले पनि सुशील प्रसाद कोइराला थिए । गिरिजाबाबु पनि नेतृत्व दिन सक्ने नेता थिए । जङ्गलमा रहेको माओवादीलाई सत्तामा प्रवेश गराएर भूल गरे भन्ने प्रायः देशभक्तहरुको उनी प्रति आक्षेप छ । वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवालाई अक्षम भनेर राज संस्थाले एक पटक फालेको व्यक्ति चोख्याएर पुन सत्तामा ल्याएर गल्ती गरेका थिए । अहिले पनि देउवा जी आफूले टाउकाको मूल्य तोकेका व्यक्तिसँग गठबन्धन गरेर राष्ट्रिय राजनीतिमा धोकेबाज भएका छन् । परिवार वादको सिद्धान्तमा मुछिएका छन् । यो नेतृत्वदायी भूमिकामा सफल भएको मान्न सकिन्न ।

नेपालका वामपन्थी नेताहरुमा मदन भण्डारी र मनमोहन अधिकारी स्मरणीय नेतृत्वदायी व्यक्ति मानिन्छन् । २०४६ सालको जनआन्दोलनले नेपालमा संसदीय प्रजातन्त्र प्रवेश गरायो । मदन भण्डारीले आफ्नो पार्टीमा पनि प्रतिपादन गरेर वामपन्थी विचारधारालाई संसदीय अभ्यासमा प्रवेश गराएर आफ्नो पार्टीलाई अहिलेसम्म जीवन्त बनाएका छन् । दासढुङ्गाको हत्यापछि पनि उनी उत्तिकै जनप्रिय छन् । मनमोहन अधिकारी वामपन्थी राजनीतिका विचारधाराका भए पनि सदाचारी शान्त प्रकृतिका जनप्रिय नेता थिए । उनलाई पनि बिरामी परेर उपचारका लागि विस्तरामा पल्टेका बेला खुराफाती राजनीति गर्नेहरूले राजिनाम दिन लगाएका थिए ।

देश र जनताको हितको राजनीति गर्ने नेताहरुलाई खुराफाती राजनीति गर्नेहरूले सबै खेदो खनिरहे र अन्त्य गराए । अहिले देशमा देश र जनताको हितमा काम गर्ने नेतृत्वको अभाव छ । बिना मियाको दाइ भइरहेछ । नागरिकता विधेयकमा लालमोह र लगाइएन भनेर गठबन्धन पक्षधरहरू महाअभियोग, राजिनामा जस्ता अनर्गल अडकल बाजी गरेर अशान्ति मच्चाएका छन् ।

# बाढी पहिरोमा परी ६ को मृत्यु, ६ घाइते २१ बेपत्ता

रासस

काठमाडौं, ४ असार

अविरल वर्षाको कारण जेठ ३१ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी एवं पहिरामा परी मंगलबार अपराह्नसम्म ६ जनाको मृत्यु भएको छ ।

बाढी तथा पहिरामा परी सङ्खुवासभामा एक, ताप्लेजुङमा तीन, पाँचथरमा एक र नुवाकोटमा एक गरी जम्मा ६ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । जसमध्ये पाँच पुरुष र एकजना बालिका रहेका छन् ।

साथै बाढी एवं पहिरामा परी सङ्खुवासभामा तीन, ताप्लेजुङमा दुई र पाँचथरमा एक गरी जम्मा ६ जना घाइते भएका छन्। घाइतेहरूलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको छ । बाढी पहिरामा परी सङ्खुवासभामा २१, ताप्लेजुङमा तीन र पाँचथरमा पाँचजना गरी जम्मा २९ जना बेपत्ता भए । बेपत्ता भएका प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर बडायतले बताउनुभयो । बेपत्ताको खोजी कार्य जारी रहेको पनि उहाँले बताउनुभयो ।

बाढी एवं पहिराका कारण ३५ घर, १० गोठ, १३ पुल, पाँच उद्योग र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ६७ वटा पशुचौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट ९७ घरपरिवार विस्थापित भएका छन् । साथै बाढी पहिराको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरामा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा गर्नाका साथै विभिन्न स्थानमा भएको बाटो अवरोधसमेत प्रहरीले हटाउने कार्य गरिरहेको छ ।

# गोरखामा निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता

गोरखा, ४ असार

गोरखा नगरपालिका गोरखाले आयोजना भएको निःशुल्क आयुर्वेद स्वास्थ्य शिविरबाट दुई सय ३५ जनाले सेवा लिएका छन् ।

नगरपालिकाले वडा नम्बर १३ र १४ स्थित याङकोटमा सञ्चालन गरिएको स्वास्थ्य शिविरमा ७३ जना पुरुष र एक सय ६२ जना महिलाले उपचार सेवा लिएको नगरपालिकाका आयुर्वेद शाखाका प्रमुख जीवनकुमार श्रेष्ठले जानकारी दिनुभयो । शिविरमा अम्लपित्त, पेटसम्बन्धी रोग, मधुमेह, उच्च रक्तचाप, स्त्री रोग, बाथ रोग, जोर्नी दुखाइलगायतका रोगको जाँच तथा उपचार सेवा प्रदान गरिएको उहाँले बताउनुभयो । स्वास्थ्य शिविरमा उपचारका लागि आएका थप १६१ जनाले ब्लड सुगर परीक्षण गरिएको प्रमुख श्रेष्ठले बताउनुभयो । शिविरमा आएका उपचार सेवा लिएकाहरू औषधिसमेत वितरण गरिएको प्रमुख श्रेष्ठले जानकारी दिनुभयो । स्वास्थ्य शिविरमा नरदेवी आयुर्वेद विज्ञ डा वृद्धिप्रसाद पौडेल, देउराली स्वास्थ्यचौकीका प्रमुख दीपेन्द्र भण्डारीलगायतको सहभागिता रहेको थियो ।

# 'लम्पी स्किन' नियन्त्रणका लागि गोठ-गोठमा पशु प्राविधिक

पोखरापत्र संवाददाता

पर्वत, ४ असार

पछिल्लो दुई महिनायता पर्वतमा गाईभैंसीमा लाग्ने 'लम्पी स्किन' रोग तीव्रगतिमा फैलिएको छ ।

यहाँका सातवटै पालिकामा 'लम्पी स्किन' फैलिएपछि पशुपालक किसान समस्यामा परेका छन् । गत चैत २८ गते फलेवास नगरपालिका-९ भँगराको सिरुबारीमा किसानले पालेको एउटा गोरुमा उक्त रोग देखा परेको थियो । उक्त गोरुलाई आइसोलेशनमा राखी उपचार गरिएको थियो । उपचार पश्चात उक्त गोरुमा लागेको रोग १६ दिनमा निको भयो । भँगरासँगै त्यसपछि वडा नं ६ देवीस्थानमा पनि लम्पी स्किन रोग देखिन थाल्यो ।

देवीस्थानलगायत क्रमशः अहिले यो रोग जिल्लाभर फैलिएको छ । फलेवास नगरपालिकाका पशु विकास शाखा प्रमुख प्रताप पौडेलका अनुसार फलेवासमा तीन सयभन्दा बढी गाईगोरुमा यो रोग देखा परेको छ । हालसम्म पाँच गाई मरेका छन् । पौडेलका अनुसार भैंसीमा यो रोग हालसम्म देखा परेको छैन । फलेवास नपाले लम्पी स्किन रोग नियन्त्रणका लागि आवश्यक बजेट रकमान्तर गरेको छ । नगरपालिकाले पशु विकास शाखाअन्तर्गत आकस्मिक पशु रोग नियन्त्रण कार्यक्रममार्फत रु तीन लाख विनियोजन गरेर काम गर्दै आएको शाखाले लम्पी स्किन रोग बढेसँगै बजेट अभाव भएपछि सङ्घीय राजस्व बाँडफाँड शीर्षकबाट थप रु पाँच लाख विनियोजन गरेको हो ।

सुरुको चरणमा पशु विकास शाखामार्फत विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको पशु विकास शाखाले रोग नियन्त्रणका लागि फिनेल, भिर्कोन लगायतका रसायन निःशुल्क वितरण गरिसकेको छ । नेपालमा सुरुवाती चरणमा लम्पी स्किन रोगका लागि खोपको मान्यता थिएन । वैशाखको अन्तिमतिर स्वीकृत पाएसँगै नगरपालिकाले निःशुल्क खोप खरिदका लागि बजेट विनियोजन गरेको पौडेलले बताउनुभयो । लम्पी स्किन रोग तीव्र गतिमा फैलिन थालेको र यसको उपचार पद्दति महँगो हुँदा पशुपालक किसानलाई उपचारमा व्यापक आर्थिकभार पर्ने भएकाले नगरपालिकाले खोप खरिद गरी निःशुल्क रुपमा उपचार गर्न थालेको पशु विकास शाखा प्रमुख पौडेलको भनाइ छ । शाखाले उक्त रोगको नियन्त्रण र रोकथाम गर्नका लागि १० जना प्राविधिकलाई किसानको गोठगोठमा खटाएको छ । लम्पी स्किन रोग लागेका पशुको निरन्तर जाँच तथा निःशुल्क रुपमा उपचार खट्टिएको पशु प्राविधिकले बताएका छन् ।

हालसम्म एक हजार तीन सय पशुमा निःशुल्क रुपमा खोप लगाइएको नगरपालिकाले जनाएको छ । पशुमा रोग लागेर चिन्तित बनेका पशुपालक किसान निःशुल्क उपचारसहित खोप पाउँदा हर्षित भएका छन् । काप्री पक्स भाइरसको सङ्क्रमणबाट विशेषगरी गाईमा लाग्ने यो रोग भैंसीमा भने विरलै देखिन्छ । लम्पी स्किन रोग लागेका गाईवस्तुमा उच्च ज्वरो आउने र शरीरभरि साना-ठूला गिर्खा देखिने लक्षण देखिएको छ । शरीरका विभिन्न ठाउँमा विशेषगरी घाँटी, पछाडिको भाग, पेट र थुनवरिपरि १० देखि ५० मिलिमिटरसम्मका गिर्खा देखिन्छन् । यसका साथै कचेरा निकाल्ने, सिगान बग्ने तथा फिँज धेरै निकाल्ने, 'लिम्फ नोड'हरू सुनिने, घाँटी तल पानी भरिने, दूध उत्पादन ८० प्रतिशतसम्म घट्ने, गर्भ तुहिने र पछि बाँझोपन देखिन सक्नेजस्ता लक्षण देखिएको पौडेलले बताउनुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यासित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ०३ धर्मशिला बुद्ध बिहार दायक सभा फलामे रेलिङ निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः धर्मशिला बुद्ध बिहार दायक स भा फलामे रेलिङ**

**स्थानः पोखरा-०३, कास्की**

**योजना सम्झौता मितिः २०७९/१२/२९ गते**

**योजना सम्पन्न हुने मितिः २०८०/०३/३१ गते**

**योजनाको कुल लागत : रु. ५,३२,०६४ ।-**

**पोखरा म.न.पा.बाट प्राप्त हुने रकम : रु.५,००,००० ।-**

**उपभोक्ता समिति अध्यक्षः भरतराज शाक्य**

**उपाध्यक्षः सरिता गुभाजु, तेजेन्द्र शाक्य, सचिवः चन्द्र केशरी प्रधानाङ्ग, सदस्यः राजकुमारी शाक्य, संगिता बज्राचार्य**

**प्राविधिकः ई. दिपक पोखेल, सुस्मिता सुनार**

**अनुगमनः श्रेदय भिक्षु धनवन्ते जनप्रतिनिधिः वडा सदस्य सवि परियार, वडा नं.३ कार्यालय ।**

**धर्मशिला बुद्ध बिहार दायक सभा फलामे रेलिङ निर्माण उपभोक्ता समिति पोखरा-३, नदीपुर**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ मा आर्वा विजय सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम**: आर्वा विजय सडक स्तरोन्नती

**उपभोक्ता समितिको नाम**: विजयपुर बाटो स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१३

**योजना सम्झौता मिति** : २०८०/०१/१४

**योजना सुरु मिति** : २०८०/०१/१५

**योजना सम्पन्न हुने मिति** : २०८०/०२/३० गते

**योजना सम्पन्न भएको मिति** : २०८०/०३/०४ गते

**महानगरपालिका बाट प्राप्त** : १०,००,०००/-

**उपभोक्ताबाट** : १,११,१११/-

**कुल लागत** : ११,११,१११/-

**खड्क बहादुर गुरुङ**

**अध्यक्ष**

**विजयपुर बाटो स्तरोन्नती उपभोक्ता समिति**

**पोखरा-१३, आर्वा, कास्की**

# २१ वाङ्मयिक संस्थाले विश्व संगीत दिवसमा सांगीतिक कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पोखराका २१ वाङ्मयिक संस्थाले विश्व संगीत दिवसका अवसरमा सांगीतिक कार्यक्रम गर्ने भएका छन् ।

सप्तरंगी सांस्कृतिक प्रतिष्ठान पोखराको मुख्य आयोजना र अन्य २० वाङ्मयिक संस्थाको सहआयोजनामा उक्त कार्यक्रम हुन लागेको हो । पोखरा उद्योग बाणिज्य संघको सभाहलमा असार ६ गते दिउँसो ३ बजे हुने कार्यक्रममा लोकदोहोरी, मौलिक गीत, शास्त्रीय संगीत, लोक नृत्य, लाइभ ब्याण्ड सहित १५ देखि १७ वटा प्रस्तुति रहने विश्व संगीत दिवस २०८० का कार्यक्रम संयोजक नवराज बराललले जानकारी गराए । उनका अनुसार एकल रुपमा संगीत दिवस मनाउँदा प्रभावकारिता नदेखिने भएकाले संयुक्त रुपमा कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा प्रवेश निशुल्क रहेको उनले उल्लेख गरेका छन् ।




गण्डकी प्रज्ञा प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानको सहकार्यमा आयोजित कार्यक्रममा पोखरेली युवा सांस्कृतिक परिवार, हिमाली सांस्कृतिक परिवार, अलिमियाँ लोक वाङ्मय प्रतिष्ठान, पोखरा साङ्गातिक कलाकार संघ, बालन एवम् कला सांस्कृतिक प्रतिष्ठान, राष्ट्रिय लोक तथा भजन चुड्का संरक्षण प्रतिष्ठान, भक्ति संगीत प्रतिष्ठान, विश्व हिन्दु महासंघ सांस्कृतिक समूह, लोक नृत्य कलाकार संघ, संगीत प्रशिक्षण केन्द्र, जोजिजू म्युजिक सेन्टर एण्ड म्युजिक स्कुल, त्रिवेणी संगीतालय, जे.ई. म्यूजिक एकेडेमी, कर्णप्रिय संगीतालय, हार्मोनी समूह, तरेली सांस्कृतिक परिवार, गीतकार प्रतिष्ठान नेपाल, झलकमान गन्धर्व सारङ्गी पाठशाला, धनबहादुर स्मृति प्रतिष्ठान, पोखरा भजन चुड्का संरक्षण प्रतिष्ठान लगायतका संस्थाहरु सह–आयोजकमा रहेका छन् । २०६० साल देखि पोखरामा रहेका वाङ्मयिक संस्थाहरुले विश्व संगीत दिवसको अवसरमा सांगीतिक कार्यक्रम गर्दै आएका छन् । विश्व संगीत दिवसको थालनी इ.सं. १९८४ सालदेखि फ्रान्सबाट भएको हो । कार्यक्रमबाट पोखराको सुस्ताएको संगीत क्षेत्रलाई माथि उठाउन सहयोग मिल्ने आशा गरिएको छ ।

# ड्रागन बोट रेस फेस्टिभल : पोखराको पर्यटनका लागि महत्वपूर्ण बन्दै

**–वासुदेव पौडेल**
गण्डकी, ४ असार (रासस)

नेपाल र चीनबीचको सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउँदै नेपालमा चिनियाँ पर्यटक बढाउने उद्देश्यका साथ पोखरामा पहिलोपटक हुन लागेको 'नेपाल चीन फ्रेण्डसीप ड्रागन बोट रेस फेस्टिभल' यहाँको पर्यटनका लागि महत्वपूर्ण बन्ने विश्वास लिइएको छ ।

कोरोना महामारीका कारणले सुस्ताएको पर्यटनले विस्तारै गति लिँदै गर्दा नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा पोखराको फेवातालमा ड्रागन बोट रेस हुन लागेको हो । यही असार ८ र ९ गते सञ्चालन हुने फेस्टिभलको तयारी भइरहँदा यतिखेर पोखराका पर्यटन व्यवसायी उत्साहित बनेका छन् । फेवाताल किनार क्याम्पिङ चोकमा हुने फेस्टिभलले यहाँको अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा विशेष टेवा पुग्ने अपेक्षा गरिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो ।

"चीन नेपालको पर्यटनका लागि महत्वपूर्ण अन्तर्राष्ट्रिय बजार हो", उहाँले भन्नुभयो, "ड्रागन बोट रेस फेस्टिभलले आगामी दिनमा चिनियाँ पर्यटकको आगमन बढाउन प्रवर्द्धनको काम गर्नेछ ।" फेटिभलका लागि पोखरा पर्यटन परिषद् र चाइनिज ओभरसिज एशोसिएसन पोखरा सहयोगी संस्थाका रूपमा रहेका छन् । फेस्टिभलमा हुने डुङ्गा दौडका लागि चीनबाट आठ वटा विशेष खालका डुङ्गा पोखरा ल्याएर परीक्षण सुरु गरिएको उहाँले बताउनुभयो । फेस्टिभलअन्तर्गत चिनियाँ चार र नेपाली चार गरी आठ टोलीबीच डुङ्गा दौड प्रतियोगिता गरिनेछ । पाँच सय र एक हजार मिटरको दौडमा प्रतिष्पर्धा हुनेछ । बोट रेसका लागि गत वैशाख २१ गते नेपाल पर्यटन बोर्ड, चिनियाँ दूतावास र पोखरा महानगरपालिकाबीच सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । चीनले यस प्रकारका बोट रेस फेस्टिभल ५० भन्दाबढी देश र क्षेत्रमा आयोजना गर्दै आएको छ । फेस्टिभलमा चीनबाट विशिष्ट पाहुनाको सहभागिता हुने र यसैका सन्दर्भमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलोपटक अन्तर्राष्ट्रिय चाटर्ड उडान हुने भएको छ । नेपाल-चाइना ड्रागन बोट रेस फेस्टिभलका लागि उक्त उडानमार्फत लगभग एक सय ३० जना आउने अनुमान गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट चिनियाँ विमान कम्पनी सिचुआन एयरलाइन्सले पहिलो अन्तर्राष्ट्रिय उडान भर्ने भएको हो । नेपाल नागरिक उड्डयन प्राधिकरण र सिचुआन एयरलाइन्सबीच गत शुक्रबार सम्झौता गरिएको हो । प्राधिकरणका अनुसार सिचुआन एयरलाइन्सले आगामी जुन २१ (असार ६)मा चार्टर्ड उडानका लागि अनुमति पाएको हो । उक्त एयरलाइन्सले चीनको छेन्दुबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्नेछ । गत पुस १७ गते( सन् २०२३ को जनवरी १ तारिख) उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हालसम्म पनि अन्तर्राष्ट्रिय उडान हुन नसकेका अवस्थामा असार ६ गते पहिलोपटक अन्तर्राष्ट्रिय उडानमार्फत चिनियाँ टोली अवतरण गर्नेछन् ।

पोखरा चिनियाँ पर्यटकको राम्रै रोजाइमा पर्ने गन्तव्य हो । यहाँ आउने चिनियाँ पर्यटक विशेषतः प्राकृतिक सुन्दरताको अवलोकन र प्याराग्लाइडिङ, अल्ट्रालाइट, बन्जीलगायतका साहसिक पर्यटनमा रुचि राख्ने गर्दछन् ।

नेपालमा भित्रने चिनियाँ पर्यटकमध्ये ९० प्रतिशतभन्दा बढी पोखरा आउने गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । दक्षिण एशियामा नै पहिलो पटक हुन लागेको यस प्रतियोगिता पोखरेलीका लागि महत्वपूर्ण अवसर रहेको पोखरा महानगरपालिका पर्यटन समितिका उपाध्यक्ष रविन्द्रराज पौडेलले बताउनुभयो ।

"कोभिडबाट थलिएको पर्यटनलाई उकास्नका लागि यो फेस्टिभल आफैँमा विशेष छ", उहाँले भन्नुभयो, "यसलाई भव्य र सभ्यरुपमा सम्पन गर्नु हाम्रो महत्वपूर्ण जिम्मेवारी हो ।" फेस्टिभलसँगै पोखरामा चिनियाँ पर्यटकको आगमन बढ्ने उल्लेख गर्दै उहाँले यहाँ सञ्चालित साहसिक पर्यटनका गतिविधि सधैँ उनीहरूको रोजाइमा पर्ने गरेको बताउनुभयो ।

पोखरामा पर्यटकलाई लक्षित गरी निर्माण गरिएका साना तथा ठूला गरी सात सयको सङ्ख्यामा होटेल रहेको होटेल एशोसिएसन नेपाल (हान) पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । पोखरामा होटेल पूर्वाधारमा मात्रै रु चार खर्बभन्दा बढीको लगानी भइसकेको उहाँले बताउनुभयो । "यहाँ नेपालीका साथै चाइनिजले सञ्चालन गरेका रेष्टुरेन्ट पनि छन्", उहाँले भन्नुभयो, "चिनियाँ भाषा जानेका पर्यटक गाइडको सङ्ख्या पनि राम्रै छ ।" पोखरा आउने चिनिया पर्यटकलाई चिनियाँ परिकारको कुनै समस्या नहुने उहाँले बताउनुभयो ।

# बेनी नगरपालिकाको अधिकांश योजना सम्पन्न

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ असार

म्याग्दीको बेनी नगरपालिकाले चालु आर्थिक वर्षको ११ महिनाका अवधिमा ८२ प्रतिशत योजना निर्माण सकेको छ ।

चालु आव २०७९/०८० मा बजेट विनियोजन भएका तीन सय ४२ मध्ये जेठ मसान्तसम्म दुई सय ८३ योजना निर्माण सकिएको नगरपालिकाले जनाएको छ । प्रमुख प्रशासकीय अधिकृत धोलकराज ढकालले तीन सय ३० योजना उपभोक्ता समिति र १२ ठेक्का प्रक्रियाबाट कार्यान्वयन गरिएको जानकारी दिनुभयो । "भौतिक पूर्वाधारका ५९ वटा योजना सम्पन्न हुने क्रममा छन", उहाँले भन्नुभयो, "सबैभन्दा बढी भौतिक पूर्वाधारका योजनामा विनियोजन भएकोमध्ये ६३ दशमलव ४२ प्रतिशत खर्च भएको छ ।"

भौतिक पूर्वाधारतर्फ रु १७ करोड ६९ लाख ८५ हजार बजेट विनियोजन भएकामा रु ११ करोड २१ लाख ७९ हजार खर्च भएको छ । सडक, भवन, खानेपानी, सिँचाइ, पदमार्ग, नाली निर्माणसम्बन्धी योजना धेरै छन् । नगर गौरवका आयोजनाको रुपमा रहेको प्रशासकीय भवनको तला थप, बेनीको मिनि रङ्गशाला, बेनी-ज्यामरुककोट, सिंगा-तातोपानी तल्लो बजारमा कालोपत्र, बेनी-पात्लेखेत सडक र खबरा खानेपानी आयोजना निर्माण सकिएको छ ।

पातलेखेत-काछलुङ खानेपानी आयोजनको ८५ प्रतिशत, गाजने-नयाँगाउँ-ढोलथान खानेपानी आयोजनाको ७५, अर्थुङ्गे-पुलाचौर-भुतपानी सडकको ८०, सिंगा कोल्ड स्टोरको २५, दूधेखोला-हल्लेगौडा-भकिम्ली सडकको ७० र महारानीथान-छाप-डाडाखेत-ठूलोखोला सडक आयोजनाको ८५ प्रतिशत भौतिक प्रगति भएको नगरपालिकाले जनाएको छ । नगरपालिकामा विनियोजन भएको कूल रु ७९ करोड १८ लाख १३ हजार बजेटमध्ये ६८ दशमलव ९७ प्रतिशत खर्च भएको छ । विकास आयोजना तथा कार्यक्रमका लागि पुँजीगत शीर्षकको रु २९ करोड ३७ लाख ३८ हजारमध्ये रु १९ करोड ४७ लाख ३३ हजार अथवा ६१ दशमलव ७८ प्रतिशत खर्च भएको छ ।

चालु आवमा रु चार करोड २३ लाख ७० हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको नगरपालिकाले ११ महिनामा रु चार करोड २६ लाख ७२ हजार एक सय ४० सङ्कलन गरेको छ । चालु आवको ११ महिनाका अवधिमा तीन सय ५१ जना बसाइँसराइ गरी गएका छन् भने दुई सय १५ जना नगरभित्र बसाई सरेर आएका छन् । नगरपालिकाको न्यायिक समितिमा दर्ता भएका २३ उजुरीमध्ये १९ को फछ्र्योट र तीन लाई सम्बन्धित निकायमा सिफारिस गरिएको छ । एक वटा सुनुवाइको प्रक्रियामा छ ।

# सुत्केरी हुन नसकेपछि दुर्गम गाउँकी युवतीको हेलिकप्टरमार्फत उद्धार

**पोखरापत्र संवाददाता**
गोरखा, ४ असार

बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा सुत्केरी हुन नसकेपछि एक महिलाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ ।

जिल्लाको निसीखोला गाउँपालिका-५ निसीकी १८ वर्षीया सीता सुनार बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा प्रसूति हुन नसकेपछि हेलिकप्टरमार्फत पोखरा लगिएको हो । सुनार घरमै सुत्केरी व्यथा लागेर आइतबार बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा आउनुभएको थियो ।

स्वास्थ्य केन्द्रमा पनि सोमबार दिउँसोसम्म सुत्केरी हुन नसकेपछि प्रभु एअरको हेलिकप्टरमार्फत पोखरास्थित गण्डकी मेडिकल कलेजमा पठाइएको ढोरपाटन नगरपालिकाका स्वास्थ्य शाखाप्रमुख केशव थापाले जानकारी दिनुभयो । गण्डकी प्रदेश सामाजिक विकास मन्त्रलायको आमा सुरक्षा अन्तर्गत सुत्केरी उद्धार कार्यक्रममार्फत सुनारको निःशुल्क हेलिकप्टरमार्फत उद्धार भएको हो । सुनारको सुत्केरी हुने मिति १७ दिन अगाडि रहेको थापाको भनाइ छ । उहाँको जटिल किसिमको शल्यक्रियामार्फत सुत्केरी गराउनुपर्ने हुँदा पोखरा पठाइएको थापाले बताउनुभयो । "उहाँलाई यही सुत्केरी गराउन आवश्यक जनशक्ति र उपकरण छैन, लामो समयदेखि व्यथा लागे पनि बच्चा जन्मन नसक्दा आमा र बच्चा दुवैको ज्यान खतरामा हुने हुँदा पोखरा पठाएका हौँ", प्रमुख थापाले भन्नुभयो, "यही शल्यक्रिया गर्ने भनेका थियौं तर जटिल बन्दै गएपछि तत्काल हेलिकप्टर माग गरेर पठयौं ।"

# २४ वर्षपछि छोरो घर फर्किंदाको खुसी

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ असार

बागलुङको बलेवाका ८७ वर्षीया आमा चिरिञ्जीवी रेग्मीले २४ वर्षपछि कान्छो छोरा आउँछ भन्ने आश मारिसक्नु भएको थियो ।

तर छोरा घर फर्केपछि उहाँले हर्षका आँसु झार्नुभयो । "मैले त कान्छो छोराको आश मारिसकेको थिए, विदेश गएको केही वर्ष त सम्पर्कमा थियो, त्यसपछि अत्तोपत्तो भएन", आमा रेग्मीले भावविह्वल हुँदै भन्नुभयो, "छोरा २४ वर्षपछि घर फर्कँदा बुढेसकालको सहारा हुने भएको छ ।" विसं २०५६ माघमा घर छोडेर जानुभएका चन्द्रदत्त रेग्मी घर फर्किनुभएको छ । रोजगारीका लागि बेलायत जानुभएका रेग्मीलाई अलपत्र अवस्थामा काठमाडौंबाट उद्धार गरी ल्याइएको हो ।

बेलायत गएको तीन वर्षपछि परिवारको सम्पर्कमा आउन नसक्नुभएका चन्द्रदत्त २४ वर्षपछि घरमा आउँदा परिवारमा खुसियाली छाएको छ । बागलुङ नगरपालिका-१३ पैयुँपाटा जलजलाका ४९ वर्षीय चन्द्रदत्त बेलायतमा धनसम्पत्ति जोडेर नेपाल आउन चाहे पनि बेलायतमा स्थायी बसोबासका लागि अनुमति (पिआर) नपाएपछि उहाँ परिवारको सम्पर्कमा नआएका हुन् ।

# मर्मतको पन्ध्र दिनमै बिग्रियो 'डायलासिस' उपकरण

**पोखरापत्र संवाददाता**
दमौली, ४ असार

तनहुँको दमौली अस्पतालमा रहेको मिर्गौला उपचार केन्द्रको 'डायलासिस' उपकरण मर्मतको पन्ध्र दिनमै पुनः बिग्रिएको छ । यसअघि गत जेठ १५ गते मर्मत गरी सञ्चालनमा ल्याइएको पाँच उपकरण पुनः बिग्रिएको हो ।

यसअगाडि वैशाखदेखि उक्त उपकरण बिग्रिएर बसेको थियो । राष्ट्रिय मिर्गौला उपचार केन्द्रका प्राविधिक आएर उपकरण मर्मत गरिदिए पनि फेरि समस्या आएको दमौली अस्पताल मिर्गौला केन्द्रका प्रमुख शैलेन्द्र पण्डितले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बल्ल बल्ल उपकरण बनेको थियो, फेरि समस्या आएर बिग्रियो । अहिले चार वटा मात्रै उपकरण सञ्चालनमा छ ।" पाँच मर्मतसहित यसअघि नौ वटा उपकरण सञ्चालनमा रहेकामा अब चार वटा उपकरणबाट मात्रै सेवा प्रवाह भइरहेको केन्द्र प्रमुख पण्डितले जानकारी दिनुभयो ।

उपकरण थोरै हुँदा मिर्गौला पीडितलाई डायलासिसका लागि समस्या हुने गरेको छ । स्वास्थ्य मन्त्रालयले दमौली अस्पताललाई दुई नयाँ उपकरण पठाएको छ । प्रदेश सरकारमार्फत दमौली अस्पतालमा दुई उपकरण आइपुगेपनि जडान हुन बाँकी रहेको छ । चार उपकरण सञ्चालनमा हुँदा दैनिक १६ जनाले मात्रै सेवा पाउने अवस्था रहेको छ । केन्द्रले दैनिक बिहान ७ बजेदेखि राति ११ बजेसम्म डायलासिस सेवा सञ्चालन गरेको छ । केन्द्रमा हाल डायलासिस सेवा लिने कूल सङ्ख्या ५० जना रहेका छन् तर अझै ३० मिर्गौला पीडित डायलासिसका लागि पालो पर्खिँदै छन् । तनहुँका विभिन्न ठाउँका मिर्गौला पीडितले मिर्गौला उपचार केन्द्रमा डायलासिसका लागि नाम टिपाएर पालो पर्खिरहेका छन् । नियमित रुपमा डायलासिस गराउनुपर्ने उनीहरूले हाल पोखरामा डायलासिस गरिरहेका छन् ।

उपचार केन्द्रमा डायलासिस गराइरहेका मिर्गौला पीडितले मिर्गौल प्रत्यारोपण वा अन्यत्रै स्थानान्तरण भएर गए मात्रै नयाँले मौका पाउने अवस्था रहेको पण्डितले बताउनुभयो । "ठाउँ खाली भए मात्रै नयाँलाई मौका दिने हो, कि उहाँहरूले मिर्गौला प्रत्यारोपण गर्नुपर्‍यो कि अन्यत्रै जिल्लामा स्थानान्तरण भएर जानुपर्‍यो", उहाँले भन्नुभयो, "ठाउँ खाली भएपछि नाम दर्ता गरेकालाई यहाँ डायलासिसको व्यवस्था मिलाउँछौं ।" विसं २०७२ मङ्सिर ३ गते अस्पतालमा डायलासिस युनिट सञ्चालनमा आएको थियो । उक्त युनिट गत कात्तिक २४ गते दमौली अस्पताललाई हस्तान्तरण गरिसकिएको छ ।

युनिटमा हालसम्म दुई सय २८ ले डायलासिस सेवा लिएका छन् । केन्द्रमा तनहुँका अतिरिक्त छिमेकी जिल्लाका मिर्गौला पीडितले पनि डायलासिस सेवा लिइरहेका छन् । हेल्थ केयर फाउण्डेसन अफ नेपालले दमौली अस्पतालमा डायलासिस केन्द्र स्थापना गरेको थियो । केन्द्रका लागि मन्जु उपाध्यायले आफ्ना स्वपति शत्रुधन उपाध्यायको स्मृतिमा सुरुमा रु एक करोड सहयोग गर्नुभएको थियो भने पछि उपकरण थप गर्नका लागि रु २५ लाख सहयोग गर्नुभएको थियो ।

**कम्युनिटी सपोर्ट ग्रुप**
**पोखरा-१२,भद्रकाली माग**

**व्यायाम सामाग्री (Gym Equipment) खरिद सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०४

यस कम्युनिटी सपोर्ट ग्रुपको भलाम -२२ स्थीत लागु औषध तथा मदिरा उपचार र परामर्श केन्द्रमा आवश्यक तपशिलमा उल्लेखित व्यायाम सामाग्री (Gym Equipment) खरिद गर्नु पर्ने भएकाले सिलवन्दी दरभाउ पत्र पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**खरिद गर्ने वस्तु तथा सेवाहरु :**

१. व्यायाम सामाग्री (Gym Equipment) ।

**शर्तहरु :**

१. दरभाउ पेश गर्न चाहेको फर्मले दरभउपत्रसंगै संस्था दर्ता, नविकरण, कर चुक्ता प्रमाणपत्र, आदिको प्रतिलिपि सहित शिलवन्दी गरी पेश गर्नुपर्नेछ ।
२. दरभाउ पेश गर्दा वस्तुको हकमा नाम परिमाण, गुणस्तर, उत्पादक कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।
३. दरभाउ पत्र पेश गर्न चाहने व्यक्ति वा कम्पनी वा सप्लायर्सहरुले शिलवन्दी कागजात सूचना प्रकाशन भएको मितिले ०७ दिन (२०८०/०३/११) कार्यालय समयभित्र पेश गर्नुपर्ने छ ।
४. सप्लार्यस छनौट सम्वन्धि सम्पूर्ण अधिकार संस्थाको खरिद समितिमा निहित हुनेछ ।
५. माथि उल्लेखित वस्तुहरुको Specification संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
६. थप जानकारीका लागि कम्युनिटी सपोर्ट ग्रुपको सम्पर्क नंः ०६१-५३९९०३ मा सम्पर्क गर्न सकिनेछ ।

**खरिद समिति**
**कम्युनिटी सपोर्ट ग्रुप**
**पोखरा–१२, भद्रकाली मार्ग**